**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदी आज क्यानडाको काना नास्किसमा हुने जी–७ शिखर बैठकमा भाग लिनुहुनेछ ।**
- **भारत र साइप्रसले आतंकवाद र हिंसात्मक अतिवादको सबै रूप र अभिव्यक्तिको निन्दा गरेका छन्।**
- **सरकारले देशका विभिन्न भागमा दुई हजार ड्राइभिङ ट्रेनिङ स्कुल खोल्ने निर्णय गरेको छ।**
- **रक्षा साइबर एजेन्सीले हिज देखि राष्ट्रिय स्तरमा साइबर सुरक्षालाई मजबुत बनाउन साइबर सुरक्षा अभ्यास शुरु गरेको छ।**
- **चेन्नईमा पहिलो महिला हक्की इन्डिया मास्टर्स कप प्रतियोगिता भोलि देखि शुरु हुँदैछ।**
- **मौसम विभागले आज सौराष्ट्र र कच्छमा भारी वर्षा हुने सम्भवना व्यक्त गरेको छ।**

**प्रधानमंत्री नरेन्द्र मोदी - कनाडा - जी-7 शिखर बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदी आज क्यानडाको काना नास्किसमा हुने जी–७ शिखर बैठक मा भाग लिनुहुनेछ । जी–७ शिखर बैठक मा प्रधानमन्त्री लगातार छैटौं पटक भाग लिनुहुदैछ । क्यानडाका प्रधानमन्त्री मार्क कार्नीको निमन्त्रणामा क्यानडाको दुई दिवशीय भ्रमणको क्रममा प्रधानमन्त्री श्री मोदीले शिखर बैठकको अवधि द्विपक्षीय बैठक गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदी जी–७ का नेता तथा आमन्त्रित देशहरुका नेता तथा अन्तर्राष्ट्रिय संस्थाहरुका प्रमुखसँग पनि वैश्विक विषयमा बिचार-विमर्श गर्नुहुनेछ । यसमा ऊर्जा सुरक्षा, तकनिकी र नवाचार , विशेष गरी एआई ऊर्जा र क्वान्टमसँग सम्बन्धित मुद्दाहरू समावेश छन् l

1-**Byte-anand**

**भारत - साइप्रस-आतंकवाद**

**भारत र साइप्रसले आतंकवाद र हिंसात्मक अतिवादको सबै रूप र अभिव्यक्तिको निन्दा गरेका छन्। दुवै देशले शान्ति र स्थिरतालाई कमजोर पार्ने आधुनिक खतराहरूसँग लड्न साझा प्रतिबद्धता व्यक्त गरेका छन्। सीमापार आतंकवादसँग लड्न व्यापक र समन्वित कार्यको आवश्यकतामा जोड दिएका छन्। निकोसियामा प्रधानमन्त्री नरेन्द्र मोदी र साइप्रसका राष्ट्रपति निकोस क्रिस्टोडोलाइड्स बीचको प्रतिनिधिमण्डल-स्तरीय वार्तापछि जारी गरिएको संयुक्त घोषणापत्रमा यो घोषणा गरिएको हो।वार्तामा, प्रधानमन्त्री श्री मोदी र साइप्रसका राष्ट्रपतिले रक्षा, समुद्री सुरक्षा, व्यापार र निवेश लगायत प्रमुख क्षेत्रहरूमा सहयोग बढाउन सहमति जनाउनु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-साइप्रस साझेदारी साझा लोकतान्त्रिक मूल्यमान्यता र कानूनको शासनमा दृढतापूर्वक स्थापित भएको बताउनु भएको छ।**

**2- byte प्रधानमन्त्री –आतंकबाद**

**प्रधानमन्त्री – पश्चिम एसिया संघर्ष**

**संयुक्त राष्ट्र सुरक्षा परिषद्‌को स्थायी सदस्यतामा भारतको लागि साइप्रसको निरन्तर समर्थनको प्रधानमन्त्रीले स्वागत गर्नुभयो। प्रधानमन्त्रीले पश्चिम एसिया र युरोपमा भइरहेको संघर्ष को बारेमा पनि चिन्ता व्यक्त गर्नुभएको छ।**

**3- Byte प्रधानमन्त्री**

**उपराष्ट्रपति जगदीप धनखड़ - राष्ट्रीय सुरक्षा**

उपराष्ट्रपति जगदीप धनखड़ले राष्ट्रिय सुरक्षाको मुद्दा राजनीतिक हितहरु भन्दा बाहिर रहेको बताउनु भएको छ । भारतको अपरेशन सिन्दूरको उल्लेख गर्नुहुदै उहाँले यस मिसनले आफ्नो सफलता र संयमका लागि वैश्विक मान्यता प्राप्त गरेको बताउनु भएको छ। श्री धनखड़ले विश्व मञ्चमा भारतको स्थिति स्पष्ट गर्न विभिन्न राजनीतिक दलहरूको ऐक्यबद्धताको सराहना गर्नुभयो ।हिज जवाहरलाल इन्स्टिच्युट अफ पोस्ट ग्रेजुएट मेडिकल एजुकेसन एन्ड रिसर्च, पुडुचेरीले आयोजना गरेको 'राष्ट्र निर्माणमा पर्यावरणीय स्थिरता'' विषय माथी आयोजित कार्यक्रममा उहाँले यस आशय बारे प्रकाश पार्नु भएको थियो । उहाँले भारत विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्ने दिशामा अघि बढेको बताउनु भयो । श्री धनखड़ले प्राकृतिक स्रोतहरूको अन्धाधुन्ध दोहन नगर्न मानिसहरूलाई आग्रह गर्नुहुदै भारतलाई चिकित्सा अनुसन्धान र उपकरणहरूको उत्पादनको लागि वैश्विक केन्द्र बनाउन योगदान गर्न आग्रह गर्नुभएको छ।

**सरकार . ड्राइभिङ ट्रेनिङ**

सरकारले देशका विभिन्न भागमा दुई हजार ड्राइभिङ ट्रेनिङ स्कुल खोल्ने निर्णय गरेको छ। नयाँ दिल्लीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुदै केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले भन्नुभयो - यी प्रशिक्षण विद्यालयहरू देशका पछाडिएका र आदिवासी क्षेत्रहरूमा खोलिनेछन् जसले युवाहरूका लागि रोजगारका अवसरहरू सिर्जना गर्नेछ। देशमा लगभग २२ लाख चालकहरुको अभाव रहेको र यी प्रशिक्षण विद्यालयले दक्ष चालकको अभाव पूरा गर्न सहयोग पुग्ने श्री गडकरीले बताउनु भएको छ ।

**सरकार – जनगणना**

सरकारले हिज जनगणनाका लागि अधिसूचना जारी गरेको छ। गृह मन्त्रालयले जारी गरेको सूचनामा बर्ष १ मार्च २०२७ देखि जनगणना गरिने उल्लेख छ। यो मिति केन्द्र शासित प्रदेश लद्दाख, जम्मु–कश्मीरको हिउँले ढाकेको क्षेत्र र हिमाचल प्रदेश र उत्तराखण्डमा लागू हुने छैन। १ अक्टोबर २०२६ देखि लद्दाख, जम्मू–कश्मीर, हिमाचल प्रदेश र उत्तराखण्डमा जनगणना हुनेछ। यो भारतको १६ औं राष्ट्रिय जनगणना हो भने भारत स्वतन्त्रता पछिको आठौं राष्ट्रिय जनगणना हो।

**क्रोएसिया-योग-प्रधानममन्त्री**

क्रोएसियामा योगको लोकप्रियता तीव्र गतिमा बढिरहेको छ र मानिसहरुको दैनिक जीवनको एक हिस्सा बनिरहेको छ जहाँ प्रधानमन्त्री नरेन्द्र मोदीले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन भोलि भ्रमण गर्दैछन्। तीन देशको भ्रमणको तेस्रो तथा अन्तिम चरणमा प्रधानमन्त्री श्री मोदी भोलि अपराह्न राजधानी जाग्रेब पुग्नुहुनेछ , जुन मध्य र दक्षिणपूर्वी युरोपीय देशको कुनै पनि भारतीय प्रधानमन्त्रीको पहिलो भ्रमण हुनेछ। अन्तर्राष्ट्रिय योग दिवस नजिकिंदै गर्दा र प्रधानमन्त्रीको क्रोएसिया भ्रमण योभन्दा अधिक महत्वपूर्ण मानिएको छ । जाग्रेब प्रधानमन्त्री श्री मोदीलाई स्वागत गर्न तयार रहनुभएको छ।

**रक्षा साइबर एजेंसी**

रक्षा साइबर एजेन्सीले हिज देखि राष्ट्रिय स्तरमा साइबर सुरक्षालाई मजबुत बनाउन साइबर सुरक्षा अभ्यास शुरु गरेको छ। कार्यक्रममा १०० भन्दा अधिक राष्ट्रिय स्तरका एजेन्सी र रक्षा हितधाराकहरुले भाग लिइरहेका छन्। यो अभ्यास वास्तविक साइबर खतराहरू अनुकरण गर्न, सुरक्षित प्रक्रियाहरू ठीक गर्न, र प्रतिभागीहरूको विश्लेषणात्मक र रक्षात्मक साइबर कौशलको द्रुत गति, गेमीफाइड वातावरणमा परीक्षण गर्न डिजाइन गरिएको छ। यो अभ्यास यही २७ जुनसम्म जारी रहनेछ। रक्षा साइबर एजेन्सीले सबै तहमा सुरक्षा-पहिलो संस्कृतिलाई बढावा दिन नियमित रूपमा यस्ता अभ्यासहरू सञ्चालन गर्ने योजना बनाएको छ।

**केन्द्रीय पर्यावरण , वन तथा जलवायु परिवर्तन मन्त्री**

केन्द्रीय पर्यावरण , वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादव र केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज जोधपुरको शुष्क वन अनुसन्धान संस्थानमा "मरुभूमिकरण र खडेरीसँग जुध्नका लागि रणनीतिहरू" विषयक राष्ट्रिय कार्यशालाको उद्घाटन गर्नुहुनेछ। कार्यशाला बर्ष २०२५ को वैश्विक विषयवस्तुसँग जोडिएको छ र यसले जलवायु उत्थानशीलता, जैविक विविधता र सतत ग्रामीण विकासका लागि भूमि पुनर्स्थापनाको महत्वमा जोड दिनेछ । कार्यशालामा वैज्ञानिकहरू, नीति निर्माताहरू, वन अधिकारीहरू र नागरिक समाजका संगठनहरू एकसाथ भाग लिनेछन्।

**कर्मचारी सञ्चय कोष संगठन**

कर्मचारी सञ्चय कोष संगठन ईपीएफओ ले सदस्यहरूलाई अनधिकृत एजेन्टहरूसँग सम्पर्क नगर्न र नि: शुल्क र सुरक्षित अनलाइन सेवाहरूको लागि आधिकारिक ई.पी.एफ.ओ पोर्टलहरू प्रयोग गर्न आग्रह गरेको छ। श्रम तथा रोजगार मन्त्रालयले भनेको छ, 'ई.पी.एफ.ओ.ले आफ्ना सबै हितधारकहरुका लागि आफ्नो सेवालाई छिटो, पारदर्शी र प्रयोगकर्तामैत्री बनाउनका लागि धेरै सुधारहरू गरेको छ । मन्त्रालयले भनेको छ, 'ई.पी.एफ.ओ.सँग गुनासो निगरानी र निवारण प्रणाली बलियो छ ।

**पहला महिला हॉकी इंडिया**

चेन्नईमा पहिलो महिला हक्की इन्डिया मास्टर्स कप प्रतियोगिता भोलि देखि शुरु हुँदैछ । १० दिवशीय प्रतियोगिताको फाइनल खेल २७ जुन मा हुनेछ । हिमाचल प्रदेश र महाराष्ट्रबीचको म्याच बिहान ६ बजे हुनेछ । कर्नाटक र केरलाबीचको म्याच भारतीय समयअनुसार बिहान ७:३० बजे शुरु हुनेछ । प्रतियोगितामा आठ टिमले भाग लिइरहेको छ ।

**मौसम**

मौसम विभागले आज सौराष्ट्र र कच्छमा भारी वर्षा हुने सम्भवना व्यक्त गरेको छ। अरुणाचल प्रदेश, छत्तीसगढ, तटीय कर्नाटक, गङ्गा पश्चिम बंगाल, गुजरात, कोंकण, गोवा, मध्य महाराष्ट्र, ओडिशा र उत्तरपूर्वी राज्यहरूमा पनि आगामी २-३ दिनमा भारी वर्षा हुने सम्भावना रहेको छ। राष्ट्रिय राजधानी दिल्लीमा २० जुन सम्म मेघगर्जन, चट्याङ र तेज हावासहित हल्का देखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरिएको छ।

**वित्तीय कार्रवाई कार्य बल-एफएटीएफ -पहलगाम**

एफएटीएफले पहलगाममा भएको आतङ्कवादी आक्रमणको निन्दा गर्दै आर्थिक सहयोगबिना आक्रमण हुन नसक्ने बताएको छ । एफएटीएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पहलगाम आक्रमण र अन्य हालैका आक्रमणहरू आतङ्कवादी समर्थकहरूबीचधन लेनदेन बिना हुन सक्दैनन्। एफएटीएफले आफ्नो वैश्विक नेटवर्क भित्रका २०० भन्दा अधिक क्षेत्राधिकारहरूलाई आफ्नो समर्थन को पुन: पुष्टि गरेको छ र आतङ्कवादी गतिविधिहरूको वित्तपोषणविरुद्ध कठोर कदम चालेको छ। एजेन्सीले चाँडै नै आफ्नो वैश्विक नेटवर्क द्वारा प्रदान गरिएका मुद्दाहरूको आधारमा आतङ्कवादी वित्तपोषणको विस्तृत विश्लेषण गर्नेछ।